# विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०७६

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
काठमाडौं

**प्रस्तावना :** विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुरा खान प्रेरित गरी स्वस्थ्य जीवन शैलीमा अभ्यस्त गराउन, वातावरण तथा व्यक्तिगत सर सफाईमा सुधार ल्याउन किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार ल्याई प्रजनन् स्वास्थ्य रुगणता कम गर्न, किशोरीहरुको महिनावारी व्यवस्थित गरी उनीहरुलाई विद्यालय जाने वातावरण सिर्जना गर्न र जटिल प्रकारका स्वास्थ्य समस्याका लागि समयमा नै प्रेषण गर्ने पद्धतिको विकास गरी ज्यान जोखिम हुनबाट बचाउन, विद्यालय तहमा बालबालिकाको स्वास्थ्य तथा नर्सिङ्ग सेवाको व्यवस्था र राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को दफा ६.५.२., जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २४ को उपदफा १ र राष्ट्रिय शिक्षा नीति, २०७६ को दफा ६ को मर्म बमोजिम विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमलाई व्यवस्थापन गर्न वाञ्छनिय भएकाले , जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो निर्देशिका, २०७६ जारी गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो निर्देशिकाको नाम "विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयद्वारा स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "विद्यालय" भन्नाले सार्वजनिक र निजि लगानिबाट सञ्चालित विद्यालयलाई सम्झनु पर्नेछ साथै सो शब्दले धार्मिक प्रकृतिका विद्यालयहरुलाई समेत जनाउने छ ।

(ख) “सार्वजनिक विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय तहको लगानि वा अनुदानमा सञ्चालित विद्यालय वा प्रचलित कानुन बमोजिमको सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(ग) “निजि लगानिका विद्यालय” भन्नाले निजि लगानिमा स्थापना वा सन्चालन भएको विद्यालय वा प्रचलित कानुन बमोजिमको संस्थागत विद्यालय सम्झनु पर्दछ ।

(घ) “विद्यालय स्वास्थ्य कार्यक्रम” भन्नाले समस्त विद्यालयका वालवालिका, किशोर किशोरी, शिक्षक र अन्य कर्मचारीहरु को स्वास्थ्य प्रवर्धन गर्ने र स्वस्थ विद्यालय तथा सिकाइ मैत्री वातावरण सृजना गर्ने कार्यक्रम भन्ने सम्झिनु पर्दछ ।

(ङ) “विद्यालय नर्स” भन्नाले दफा ६ बमोजिम नियूक्ति गरिएको विद्यालय नर्स भन्ने सम्झनु पर्छ।

(च) “समन्वय समिति” भन्नाले दफा १३ को उपदफा २ बमोजिम गठन भएको स्थानीय विद्यालय स्वास्थ्य समन्वय समिति सम्झिनु पर्दछ ।

(छ) “विद्यालय स्वास्थ्य इकाई” भन्नाले स्वास्थ्य सम्बन्धी कामहरु गर्न स्थापित दफा १३ को उपदफा ३ बमोजिम गठन भएको विद्यालयको स्वास्थ्य इकाई सम्झिनु पर्दछ ।

(ज) “स्थानीय स्वास्थ्य संस्था” भन्नाले विद्यालय भएको वडामा रहेका सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्था सम्झिनु पर्छ ।

(झ) “मन्त्रालय” भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धि विषय हेर्ने मन्त्रालयलाई सम्झिनु पर्दछ ।

(ञ) “विभाग”भन्नाले मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा विभाग सम्झिनु पर्दछ ।

(ट) “महाशाखा” भन्नाले विभाग अन्तर्गतको नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा सम्झिनु पर्दछ ।

(ठ) “शाखा”भन्नाले महाशाखा अन्तर्गतको नर्सिङ्ग क्षमता विकास शाखा सम्झिनु पर्दछ ।

परिच्छेद–२

## विद्यालय स्वास्थ्य कार्यक्रमको उद्देश्य  र सञ्चालन

३.  **विद्यालय स्वास्थ्य सेवा कार्यक्रमका उद्देश्यहरु :**  विद्यालय स्वास्थ्य सेवा कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिमका हुनेछन् :–

(क) किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य प्रवर्धन साथै महिनावारी स्वास्थ्य व्यवस्थापन गर्ने,

(ख) विद्यालय स्तरबाटै वालवालिकाहरु लाई स्वस्थ जीवन शैली अपनाउन प्रेरित गर्ने,

(ग) विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्ने

(घ) स्वस्थ, सफा र सिकाइ मैत्री वातावरण तयार गर्ने,

(ङ) व्यवहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्ने ,

(च) स्वास्थ्यसंग सम्बन्धित विद्यालय कार्यक्रमहरु कार्यान्वयन गर्ने,

(छ ) विद्यालय उमेरका वालवालिकाहरुको मानसिक स्वास्थ्य प्रवर्धन गर्ने र

(ज) प्राथमिक उपचार सेवा प्रदान गर्ने,

(ञ) समयमा नै स्वास्थ्य समस्याको पहिचान तथा रोकथाम गरी जटिलता देखिएमा समयमा नै सम्बन्धित अस्पतालमा प्रेषण गर्ने ।

(ट) बिद्यार्थीहरुको विद्यालय छोड्ने दर (Drop out Rate) घटाउने

४. **विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन**: विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन देहाय बमोजिम हुनेछ: –

(क) विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा अनुसूची १ बमोजिम मुल्यांकन र छनौट गरी कम्तिमा एक जना विद्यालय नर्स राख्नु पर्नेछ,

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक विद्यालयमा ३०० भन्दा कम विद्यार्थी रहेको अवस्थामा एउटै स्थानिय तह भित्रका पैदल दुरीको हिसाबले आधा घण्टामा पुग्न सकिने अर्को ३०० भन्दा कम विद्यार्थी संख्या भएको विद्यालय गरी बढीमा दुई विद्यालय हेर्ने गरी एक विद्यालय नर्स राख्न सकिने छ,

(ग) कार्यक्रम संचालन गर्न सम्बन्धित स्थानीय तह र विद्यालय बीच अनुसूची २ बमोजिम सम्झौता गरी कार्यक्रम संचालन गर्नु पर्नेछ,

(घ) यस कार्यक्रम संचालन गर्न अनुसूची-३ बमोजिमको आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीको खरिद स्थानीय तहले गर्नुपर्नेछ र सो सामाग्री अपुग भएको अवस्थामा स्थानीय तहले नै व्यवस्था गर्नुपर्नेछ, साथै विद्यालय स्वास्थ्य एकाइका संचालनका लागि आवश्यक पूर्वाधारको व्यवस्था विद्यालयले गर्नुपर्नेछ,

(च) यस कार्यक्रम संचालन गर्न स्थानीय तहको स्वास्थ्य शाखा/इकाईमा कार्यरत नर्सिङ्ग अधिकृत वा नर्सिङ्ग कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

५. **निजि लगानिका विद्यालयहरुमा विद्यालय स्वास्थ्य कार्यक्रमको संचालन** :

(१) निजि लगानिका विद्यालयको हकमा स्थानीय तह संगको समन्वयमा तोकिएको मापदण्ड अनुरुप विद्यालय नर्सको व्यवस्था विद्यालय आफैंले गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएका नर्सका लागि आवश्यक तालिम, औषधी उपकरण लगायतको प्राविधिक सहयोगको जिम्मेवारी सम्बन्धित विद्यालयको हुने छ । यस सम्बन्धमा स्थानीय तहको सहकार्यमा प्राविधिक सहयोग गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम विद्यालय नर्सको व्यवस्था र औषधी तथा औषधीजन्य सामान आपूर्ति गरेको आधारमा निजि लगानिका विद्यालयहरुले अतिरिक्त शुल्क पाउने लिन पाइने छैन ।

## परिच्छेद –३

## विद्यालय नर्स सम्बन्धी व्यवस्था

६. **विद्यालय नर्सको छनौट:** विद्यालय नर्सको छनौट सम्बन्धि व्यवस्था देहाय बमोजीमको हुनेछ ।

(क) स्थायी दरवन्दी सृजना नभए सम्म स्थानीय तहले करार सेवामा विद्यालय नर्स नियुक्ती गर्न सक्ने छ । विद्यालय नर्स नियुक्ती गर्नको लागि अनुसूची ४ बमोजिमको ढाँचामा कम्तिमा पन्ध्र दिनको म्याद राखी सम्बन्धित स्थानीय तहले विज्ञापन प्रकाशन गर्नु पर्नेछ,

(ख) उम्मेदवारले अनुसूची ५ बमोजिमको दरखास्त फाराम भरी सम्बन्धित स्थानीय तहमा तोकिएको म्याद भित्र निवेदन पेश गर्नुपर्नेछ,

(ग) निवेदन दस्तुर सम्बन्धित स्थानिय तहले तोके बमोजिम हुनेछ,

(घ) खण्ड (ख) बमोजिम पर्न आएका निवेदनहरु उपर स्थानीय तहमा रहेको पदपूर्ति समितिले मुल्यांकन गरी छनौट गर्नु पर्नेछ,

(ङ) सम्बन्धित स्थानीय तहको पदपूर्ति समितिले योग्यता क्रमको आधारमा उम्मेदवारको नामको सूची र विद्यालयको नाम प्रकाशन गर्नुपर्नेछ ।

७. <u>करार गर्ने र करार अन्त्य गर्ने:</u> करार गर्ने र करार अन्त्य गर्ने सम्बन्धि व्यवस्था देहाय बमोजिमको हुनेछ: –

(क) सिफारिस गरेको मुख्य उम्मेदवारलाई सात दिनको म्याद दिई सम्बन्धित स्थानीय तहले करारनामा गर्न सुचना प्रकाशन गर्नुपर्नेछ,

(ख) खण्ड (क) बमोजिमको अवधि भित्र करार सम्झौता गर्न सिफारिस भएको उम्मेदवारसंग अनुसूची ६ बमोजिमको ढाँचामा करार सम्झौता गर्नु पर्नेछ । उक्त अवधि भित्र छनौट भएको व्यक्ति सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सक्नेछ,

(ग) करार सम्झौता गर्दा काम गर्ने सुरु मिति र अन्त्य हुने मिति समेत उल्लेख गर्नुपर्नेछ,

(घ) एक आर्थिक वर्षको निम्ति करारमा लिएको विद्यालय नर्सलाई अर्को वर्ष निरन्तरताको लागि विद्यालय स्वास्थ्य समन्वय समितिले गरेको कार्य सम्पादन मूल्यांकनको आधारमा सन्तोषजनक देखिएमा नविकरण गर्न सकिने छ । विद्यालय नर्सको कार्य सन्तोषजनक नदेखिएमा सफाईको मौका दिई निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा जुनसुकै समयमा पनि सम्बन्धित स्थानीय तहले निज सँगको करारनामा अन्त्य गर्न सक्ने छ,

(ङ) विद्यालय नर्सले करार निरन्तरता गर्न नचाहेमा कम्तिमा एक महिना अगाडी विद्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई काम छाडेमा त्यस्तो व्यक्तिलाई सम्बन्धित स्थानीय तहमा पुनः सोही कामको लागि करारमा काम गर्ने अवसर दिइने छैन,

(च) अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

८. <u>विद्यालय नर्सको काम, पारिश्रमिक र क्षमता अभिवृद्धि :</u>

(क) विद्यालय नर्सको काम र कर्तव्य अनुसूची ७ बमोजिम हुनेछ ।

(ख) यस निर्देशिका बमोजिम करार सम्झौता गरिएका विद्यालय नर्सको मासिक पारिश्रमिक कम्तिमा नेपाल सरकारको स्वास्थ्य सेवाको (पाँचौ तहको (स्टाफ नर्सको) सुरुको तलब स्केल बमोजिम हुनेछ,

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

(ग) विद्यालय नर्सले महिनाभरि गरेका कामको प्रतिवेदन र रुजु हाजिर प्रमाणित गरी विद्यालयले सम्बन्धित स्थानीय तहलाई पठाएपछि स्थानीय तहले तलब भत्ता बराबरको रकम विद्यालय नर्सको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(घ) खण्ड (ख) बमोजिम नियुक्त गरिएका विद्यालय नर्सको अभिमुखीकरण तालिम महाशाखासँगको समन्वयमा स्थानीय तहले संचालन गर्नुपर्नेछ,

(ङ) विद्यालय नर्सको कार्यक्षेत्रसंग सम्बन्धित क्षमता विकाससँग सम्बन्धित तालिममा विद्यालय नर्सलाई सहभागी गराउनु पर्नेछ ।

(च) विद्यालय नर्सले प्रचलित कानून बमाजिमको प्रसुती विदा, आ–आफ्नो धर्म संस्कार अनुसार किरिया विदा साथै एक वर्षमा भैपरी र पर्व विदा जम्मा बाह्र दिन पाउने छ । भैपरी र पर्व बिदा सम्बन्धित विद्यालयको प्र.अ.ले स्वीकृत गर्ने र अन्य बिदाको हकमा सम्बन्धित स्थानीय तहले स्वीकृत गर्न सक्ने छ ।

(छ) विद्यालयमा लामो बिदा (हिउँदे/बर्षे/जाडो/गर्मी) भएको समयमा सम्बन्धित स्थानीय तहले विद्यालय नर्सलाई आवश्यकता अनुसार आफू मातहतको स्वास्थ्य संस्थामा खटाउन/ परिचालन गर्न सक्नेछ । संस्थागत विद्यालयको हकमा भने करार सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद ४

## अभिलेखीकरण अनुगमन र मुल्यांकन

९. **अभिलेखीकरण** : यस कार्यक्रमको अभिलेखीकरण, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछ :–

(क) विद्यालय नर्सले आफूले गर्नु पर्ने काम र विद्यार्थीको स्वास्थ्य सम्बन्धी अभिलेख अनुसूची ८ बमोजिम अद्यावधिक गराई राख्नु पर्नेछ,

(ख) प्रत्येक महिनाको ७ गते भित्र अनुसूची ९ बमोजिमको ढाँचामा अघिल्लो महिनाको प्रतिवेदन तयार गरी विद्यालय नर्सले सम्बन्धित विद्यालय मार्फत स्थानिय तहलाई बुझाउनु पर्नेछ,

(ग) दफा (५) बमोजिम व्यवस्था गरिएका नर्सले समेत दफा (९) को खण्ड (क) बमोजिम अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ र उदफा (ख) बमोजिम प्रतिवेदन तयार गरी स्थानिय तहलाई बुझाउनु पर्नेछ,

(घ) विद्यालय नर्सबाट प्राप्त प्रतिवेदन र विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमको विवरण सम्वन्धित स्थानिय तहले विभाग लाई पठाउन पर्ने छ । त्यसैगरी स्थानीय तहले उक्त प्रतिवेदन Integrated Health Information Management Systems (IHIMS)/ Integrated Educational Management Information System (IEMIS) मा बुझाउनु पर्नेछ ।

१०. विद्यालय नर्सद्धरा सम्पादित कामहरुको अनुगमन र मूल्याकंन विद्यालय स्वास्थ्य समन्वय समितिले गर्नेछ,

११. दफा १३ को उपदफा (१) बमोजिम गठित निर्देशक समितिले विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमको आवश्यकता अनुसार अनुगमन र सुपरिवेक्षण गर्न सक्नेछ,

१२. नियमित रुपमा हुने स्थानीय स्वास्थ्य संस्थाहरुको समीक्षा कार्यक्रम हुँदा विद्यालय स्वास्थ्य कार्यक्रमको पनि अनिवार्य समिक्षा गर्नु पर्नेछ ।

## परिच्छेद ५

## समितिहरु

१३. **समितिहरुको गठन:** विद्यालय स्वास्थ्य कार्यक्रम संचालन र व्यवस्थित गर्न संघमा निर्देशक समिति, र स्थानीय तहमा विद्यालय स्वास्थ्य समन्वय समिति तथा विद्यालय स्वास्थ्य इकाइ गठन गरिने छ ।

**(१) निर्देशक समितिको गठन:** – (क) विद्यालय स्वास्थ्य कार्यक्रमको सफल कार्यान्वयनको लागि परामर्श तथा राय प्रदान गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| (१) महानिर्देशक, स्वास्थ्य सेवा विभाग | –संयोजक |
| (२) प्रतिनिधि (उपसचिवस्तर, निति योजना तथा अनुगमन महाशाखा | –सदस्य |
| (३) उपसचिव, कानुन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | –सदस्य |
| (४) प्रतिनिधि (उपसचिवस्तर), विद्यालय हेर्ने शाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | –सदस्य |
| (५) प्रमुख लेखा नियन्त्रक, स्वास्थ्य सेवा विभाग | –सदस्य |
| (६) प्रतिनिधी, अविभावक महासंघ | –सदस्य |
| (७) निर्देशक, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा | –सदस्य सचिव |

**(ख) <u>निर्देशक समितिको काम र कर्तव्यः</u>** उपदफा (१) (क) बमोजिम गठित समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः–

(१) विद्यालय स्वास्थ्य सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने साथै आवश्यकता अनुसार मापदण्ड, निर्देशिका, कार्यविधि तर्जुमा गर्न परामर्श प्रदान गर्ने,

(२) कार्यक्रम कार्यान्वयनका लागि राय परामर्श प्रदान गर्ने तथा कार्यक्रम संचालनमा कुनै अन्यौल आएमा त्यसलाई सहजीकरण र समाधान गर्ने ।

**(२) <u>प्रदेश</u> :** (क) प्रत्येक प्रदेश सरकारले विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गर्न चाहेमा आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी स्थानीय तह संगको समन्वयमा संचालन गर्न सक्ने छ

**(३) <u>विद्यालय स्वास्थ्य समन्वय समितिको गठन</u> :– (क)** विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको विद्यालय स्वास्थ्य समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (१) उपप्रमुख /उपाध्यक्ष, स्थानीय तह | –संयोजक |
| (२) प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तह | –सदस्य |
| (३) शिक्षा प्रमुख, स्थानीय तह | –सदस्य |
| (४) संयोजकले तोकेको स्थानीय तहका प्रधानाध्यापक मध्येबाट १ जना | –सदस्य |
| (५) संयोजकले तोकेको स्थानीय तहका विद्यालय नर्सहरु मध्येबाट १ जना | –सदस्य |
| (६) संयोजकले तोकेको विद्यालय व्यवस्थापन समिति मध्येबाट १ जना | –सदस्य |
| (७) संयोजक, स्वास्थ्य शाखा, सम्बन्धित स्थानीय तह | –सदस्य सचिव |

**(ख) <u>विद्यालय स्वास्थ्य समन्वय समितिको काम, कर्तव्य</u>** :– उपदफा (३) बमोजिम गठित समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :–

(१) विद्यालय स्वास्थ्य सेवा सञ्चालनको लागि आवश्यक सामाग्री, औषधि, तालिम लगायतको विषयमा विद्यालय र स्थानीय तह विच समन्वय र सहजीकरण गर्ने,

(२) विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक सुधारका लागि सम्बिन्धत विद्यालय लाई सुझाव दिने तथा विद्यालय स्वास्थ्य सेवा सञ्चालनको क्रममा आएका समस्या लाई समाधान र सहजीकरण गर्ने,

(३) स्थानीय तहमा यस निर्देशिका अनुरुप सञ्चालित विद्यालय स्वास्थ्य सेवाको नियमित अनुगमन र मुल्यांकन गर्ने ।

(४) विद्यालय नर्सलाई काम गर्न अनुकुल वातावरण को सृजना गर्ने

(४) **<u>विद्यालय व्यवस्थापन समितिको भूमिकाः</u>**– प्रत्येक विद्यालयको व्यवस्थापन समितिले विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन र व्यवस्थापनमा निम्न भुमिका खेल्नु पर्ने छ ।

(क) आफ्नो विद्यालयमा स्वास्थ्य सेवाका लागि सहजीकरण र समन्वय गर्ने ।

(ख) आवश्यक अनुसार औषधि, उपकरणको र औषधिजन्य सामानहरुको सुनिश्चित गर्ने ।

(ग) विद्यालयमा सुर्तिजन्य पदार्थ, मदिराजन्य पदार्थ, जंक फुड लगायतका अखाद्य पदार्थ, अत्यधिक चिनीयुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण, स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय लगायतका स्वास्थ्य मैत्री पुर्वाधार भए नभएको सन्दर्भमा आएका सुझावलाई कार्यान्वियन गर्ने र वालबालिका मैत्री विद्यालय वातावरण निर्माण गर्ने ।

(५) **<u>विद्यालय स्वास्थ्य इकाई</u>:** **(क)** विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको विद्यालय स्वास्थ्य इकाई रहने छः

| | |
|---|---|
| (१) सम्बन्धित विद्यालयको प्रधानाध्यापक | –संयोजक |
| (२) महिला शिक्षक एक जना (प्र.अ. ले तोकेको) | –सदस्य |
| (३) माध्यमिक तहका छात्र र छात्रा २ जना (माथिल्लो कक्षा बाट विद्यालय स्वास्थ्य इकाईले छनौट गरेका) | –सदस्य |
| ४) सम्बन्धित विद्यालयमा स्वास्थ्य सम्बन्धि विषय अध्यापन गराउने शिक्षक | –सदस्य |
| (५) प्रतिनिधि अभिभावक संघ (१) जना | –सदस्य |
| (६) विद्यालय नर्स | –सदस्य सचिव |

**(ख)** **<u>काम र कर्तव्य:</u>** उपदफा (५) बमोजिम गठित समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :–

(१) विद्यालयमा सञ्चालन गर्नु पर्ने स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा गर्ने,

(२) विद्यालयमा स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक पर्ने उपकरण लगायत औषधिको व्यवस्था गर्न विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(३) विद्यार्थीहरुलाई विभिन्न समुहमा स्वास्थ्यसँग सम्बन्धित कृयाकलापहरु गर्न सहजीकरण गर्ने,

(४) विद्यालयको योजना कार्यक्रम र क्यालेण्डर बनाउँदा विद्यालय स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रम भए नभएको विषयमा सुनिश्चितता गर्ने,

(५) आवश्यकता अनुसार बैठक बसी स्वास्थ्य सेवा सम्बन्धी अन्य कार्यहरु गर्ने ।

**१४. विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्वाधार, औषधि र उपकरण:** – विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्वाधार, औषधि र उपकरण अनुसुची ३ बमोजिम हुनेछ ।

१५. प्रदेश र स्थानिय तहले यस निर्देशिकालाई नमुनाको रुपमा प्रयोग गर्न सक्नेछन् तथा मन्त्रालयले आवश्यकता अनुसार अनुसुचिहरु फेरबदल गर्न सक्नेछ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## अनुसूची-१

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

## विद्यालय नर्सको छनौट प्रक्रिया

### १. विद्यालय नर्सको योग्यता

क) नेपाली नागरिक भएको हुनुपर्ने

(ख) न्यूनतम शैक्षिक योग्यता: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको

(ग) ४५ वर्ष ननाघेको

(घ) नेपाल नर्सिङ परिषदमा दर्ता भएको (Staff nurse)

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको

(च) सम्बधित स्थानीय तहका उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

### २. विद्यालय नर्सको छनौट प्रक्रिया

(क) विद्यालय नर्सको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ

| क्र स. | छनौट प्रक्रियाहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | **लिखित परीक्षा** | ५० |
| २ | **शैक्षिक योग्यता** | १५ |
| | विशिष्ट श्रेणी (१५) | |
| | प्रथम श्रेणी (१०) | |
| | दोस्रो श्रेणी र तृतीय श्रेणी (५) | |
| ३ | **बसोबासको आधारमा** | ५ |
| | सम्बन्धित स्थानीय तहको बासिन्दा भएमा (५) | |
| | सम्बन्धित जिल्ला बासिन्दा भएमा (३) | |
| | सम्बन्धित प्रदेशको बासिन्दा भएमा (२) | |
| ४ | **अन्तर्वाता** | ३० |
| | **जम्मा** | १०० |

(१) लिखित परीक्षा वस्तुगत प्रश्नमा आधारित ५० पूर्णाङ्कको हुनेछ । परीक्षाको पाठ्यक्रम लोक सेवाआयोगले स्टाफनर्स पदको लागि तयार गरेको पाठ्यक्रम नै विद्यालय नर्सको छनौट प्रयोजनको लागि पाठ्यक्रम हुनेछ । लिखित परीक्षाको उत्तिर्णाङ्क ४० प्रतिशत हुनेछ । लिखित परीक्षमा उत्तिर्ण हुने उम्मेद्वारलाई मात्र बाँकी छनौट प्रकृयामा संलग्न गराइने छ ।

(२) शैक्षिक योग्यता, बसोबास र अन्तर्वार्ताको आधारमा माथि तालिका मा उल्लेख गरिए वमोजिमको अनुपातमा अंक प्रदान गरिने छ ।

(३) अन्तरवार्ताको अंक प्रदान गर्दा न्यूनतम बाह्र र अधिकतम एक्काइस को सीमाभित्र रही प्रदान गर्नुपर्ने छ । सो भन्दा बढी वा घटी अंक प्रदान गरेको खण्डमा औचित्य पुष्टि हुने कारण उल्लेख गर्नु पर्ने छ ।

अनुसूची ९

(दफा ४ को खण्ड (ग) सँग सम्बन्धित)

## स्थानीय तह र विद्यालय बीचको सम्झौताको ढाँचा

लिखितम ... जिल्ला ... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका... (विद्यालय नर्स राख्ने स्थानीय तह) यसपछि प्रथम पक्ष भनिएको र ... विद्यालय ... (यसपछि दोस्रो पक्ष भनिएको) बीच भएको यस सम्झौता पत्र अनुसार देहायका शर्तको अधीनमा रही सेवा उपलब्ध गराउन दुवै पक्षको अधिकार प्राप्त अधिकारीको संयुक्त दस्तखत गरी सम्झौता गरी दुवै पक्षले एक/एक प्रति दियौं /लियौं ।

**सम्झौताका शर्त**

१. विद्यालय नर्सको नियुक्ति गर्ने, तलब भत्ता, वृत्ति विकास तथा सेवा सुविधा सम्बन्धी व्यवस्था सरकारी विद्यालयको हकमा स्थानीय तहले गर्ने र निजी विद्यालयको हकमा यो जिम्मेवारी दोस्रो पक्षको हुने छ र सोको नियमन प्रथम पक्षले गर्ने छ ।

२. विद्यालय स्वास्थ्य एकाइका लागि आवश्यक पूर्वाधार दोस्रो पक्षले मिलाउनुपर्ने छ ।

३. स्वच्छ खानेपानी, किशोर किशोरीमैत्री शौचालय, फोहोरमैला व्यवस्थापन दोस्रो पक्षले तथा अनुसूची ७ र ८ बमोजिमका अन्य आवश्यक सामग्री तथा उपकरणको व्यवस्थापन प्रथम पक्षले गर्नुपर्ने छ ।

४.दोस्रो पक्षले समय समयमा विद्यार्थीहरुको स्वास्थ्यको प्रगति विवरण प्रथम पक्षलाई उपलब्ध गराउनुपर्ने छ ।

५.प्रथम पक्षले विद्यालय स्वास्थ्य एकाइले प्रदान गर्ने स्वास्थ्य सेवा तथा सो एकाइको व्यवस्थापनको नियमित अनुगमन, मूल्यांकन तथा नियमन गर्नुपर्ने छ ।

६. विद्यालय नर्सले प्रचलित कानुन बमाजिमको प्रसूति बिदा, आ/आफ्नो धर्म संस्कारअनुसार किरिया बिदाका साथै एक वर्षमा भैपरी र पर्व बिदा गरी १२ दिन पनि पाउने छ ।

७. सम्बन्धित विद्यालय नर्स विद्यालयको प्रधानाध्यापकको प्रत्यक्ष निर्देशनमा रही काम गर्नुपर्ने छ । साथै स्थानीय तहको स्वास्थ्य शाखा प्रमुखको समन्वयमा रही कामकाज गर्नुपर्ने छ ।

८.दुवै पक्षको समझदारीमा शर्तहरु फेरबदल गर्न सकिने छ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु,

**प्रथम पक्ष**

स्थानीय स्थानीय तह को तर्फबाट

प्रमुख प्रशासकीय अधिकृत

नामः

सही:

कार्यालयः

छाप:

**दोस्रो पक्ष**

विद्यालयको तर्फबाट

प्रधानाध्यापक

नामः

सही:

विद्यालयको नाम:

छाप:

साक्षी

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |

इति सम्वत् ... साल ... महिना... गते ...रोज शुभम्

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# अनुसूची ३

## (दफा ४ को खण्ड (घ) संग सम्बन्धित)

## विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्वाधार, उपकरण र औषधिजन्य सामानहरु

### कार्यकक्ष व्यवस्थापन

- कुर्सि –३, टेबल –२, ल्यापटप (इन्टरनेट सुबिधा सहित) –१, दराज –२, बेन्च –१
- सुचानापाटि –१, स्वास्थ्य शिक्षा सामग्री र प्रदर्शन बोर्ड
- कपडा राख्ने Rack र ह्यांगर –१, आवश्यकता अनुसार अन्य कपडा आदी
- हात धुने सुबिधा
- स्टेसनरी आवश्यकता अनुसार, लग बुक, रजिस्टर
- पर्दा तथा अन्य सामग्री आवश्यकता अनुसार विद्यालयले थपघट गर्न सक्नेछन

क्लिनिक **Set up :**

| Equipment | Required Quantities | Remarks |
|---|---|---|
| Examination bed with mattress blankets and pillow | 1 | |
| Sick Room with bed with mattress blankets and pillow | 1 | |
| Foot step | 1 | |
| Weight machine | 1 | |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | |
|---|---|---|
| Height machine | 1 | |
| Torch Light | 1 | |
| Measuring Tape (MUAC ) | 1 | |
| Knee hammer | 1 | |
| Snellen chart | 1 | |
| Tunning fork | 1 | |
| First Aid Kit with basic medicine, First Aids chart | 1/1 | |
| Sanitary pads (Dignified menstrual hygiene set ) | As needed | |

नोटः माथि उल्लेखित उपकरणहरु नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको हुनु पर्ने छ

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

# अनुसूची ४

## (दफा ६ को उपदफा (क) सँग सम्बन्धित)

## करारमा सेवामा लिने सम्बन्धी सूचनाको ढाँचा

(सुचना प्रकाशित मितिः (२०७/ / )

यस .............पालिकाको ................“विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम”अन्तर्गत देहाय बमोजिमका विद्यालयमा रहने गरी विद्यालय नर्स को रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र .......बजेसम्म........ .बैको खाता न. ....... .मा राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट ....... बाट उपलब्ध हुनेछ ।

| क्र. स. | स्थानिय तहको नाम | विद्यालयको नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**न्यूनतम शैक्षिक योग्यताका र अनुभव**

(क) नेपाली नागरिक ,

(ख) न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाण–पत्र तह उत्तीर्ण गरेको,

(ग) ४५ वर्ष ननाघेको ,

(घ) नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको,

(च) स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ

(छ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

(ज) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :-

(१) उम्मेदवारको व्यक्तिगत विवरण,

(२) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु,

(३) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(४) प्रचलित नेपालको कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ।

पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ । छनौट लिखित, शैक्षिक योग्यता, स्थानीयता, र अन्तर्वार्ताको आधारमा गरिनेछ ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची ५

(दफा ६ को उपदफा (ख) सँग सम्बन्धित)

करारको लागि दरखास्त फारामको ढाँचा

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारको दस्तखत |

............पालिका

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा | | लिङ्गः |
| | नागरिकता नं | | जारी गर्ने जिल्लाः | मिति |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | स्थायी ठेगाना |
| | घ) टोल | ङ) मार्ग र घर नं. | च) फो नं. | घ) टोल |
| पत्राचार गर्ने ठेगाना | | | | ईमेल |
| बाबुको नाम, थरः<br>आमाको नाम थरः | जन्म मितिः (वि.सं.मा) (ईस्वि संवतमा) | | | |
| बाजेको नाम, थरः | हालको उमेर | | | |

(ख) शैक्षिक योग्यता र तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिममात्र उल्लेख गर्ने)

| आवश्यक न्युनतम योग्यता | विश्व विद्यालय र बोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि र तालिम | संकाय | श्रेणी /प्रतिशत | मुल विषयहरु |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) प्राथमिकताको आधारमा काम गर्न चाहेको ३ वटा विद्यालयहरुको नाम

| | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सँजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला । उम्मेदवारले पालना गर्ने भनि प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर छु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | मितिः |
| कार्यालयले भर्नेः | | |
| रसिद/ भौचर नं. | | रोल नं. |

| | | |
|---|---|---|
| दरखास्त अस्वीकृत भए सो को कारण<br>नेपाल सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br><br>मितिः | दरखास्त स्वीकृत /अस्वीकृत गर्नेको दस्तखत<br>मितिः | |

**नोटः** दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाण–पत्र

(४) चारित्रिक प्रमाण–पत्रको प्रतिलिपि,

(५) सम्बन्धित काउन्सिलको प्रमाण–पत्र (लाईसेन्स) को प्रतिलिपि,

(६) सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु (जस्तै विवाह दर्ता आदी) ।

# अनुसूची ६

## दफा ७ को खण्ड (ख) सँग सम्बन्धित)

## करार सम्झौता–पत्रको ढाँचा

...स्थानीय तह

च.नं. मितिः

श्री ...,

ठेगाना ...

**विषयः करार सेवामा नियुक्त गरिएको सम्बन्धमा ।**

तपाईंलाई मिति २०७...।...।...को निर्णयअनुसार सूचीकरण गरिए बमोजिम विद्यालय नर्स पदका लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७...।...।... देखि २०७...।...।... सम्म करार सेवामा नियुक्त गरिएको छ । उक्त पदमा संलग्न कार्य शर्तअनुरूप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरूप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो कर्तव्य पालना गर्दा यस... स्थानीय तह र विद्यालयका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता तथा आचरणको समेत परिपालना गर्नुहुन जानकारी गराइन्छ । विद्यालय नर्स पदमा करार सेवामा नियुक्त हुनुभएकोमा तपाईंलाइ हार्दिक बधाइ छ ।

...महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका /गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री ···आधारभूत विद्यालय/माध्यमिक विद्यालय ··· सम्झौता अनुसारको कामकाज गराउनुहुन साथै हाजिरको व्यवस्था गराउनुहुन,

श्री आर्थिक प्रशासन शाखा, प्रमाणित सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनु हुन ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अनुसूची ७

(दफा ८ को उपदफा (क) सँग सम्बन्धित)

## विद्यालय नर्सको कार्य विवरण

### मुख्य जिम्मेवारी

- विद्यालय नर्सले विद्यार्थीलाई प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र प्रेषण सेवा उपलब्ध गराउने।
- विद्यालयमा स्वास्थ्य कक्षका साथै नर्सिङ तथा आपत्कालीन कक्षको पनि व्यवस्थापन गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि नेतृत्वदायी भूमिका वहन गर्ने ।
- विद्यालयको वातावरण सिक्न र सिकाउनका लागि सुरक्षित एवं बालबालिका तथा किशोर किशोरीमैत्री बनाउन सहयोग गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि विद्यार्थीद्वारा विद्यार्थीलाई चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यार्थीलाई स्वस्थ राख्नका लागि अभिभावकसँग समन्वय गरी काम गर्ने ।
- विद्यार्थीलाई स्वस्थ जीवनशैलीसँग सम्बन्धित आचरण सिकाउनुका साथै सकारात्मक सोचको समेत विकास गर्न मद्दत गर्ने ।
- स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।

### क) सेवा प्रवाहसँग सम्बन्धित जिम्मेवारी

### १) पर्वद्धनात्मक सेवा

- विद्यार्थीको स्वस्थ जीवनशैलीसँग सम्बन्धित व्यवहारको (विद्यालयमा सुर्तीजन्य पदार्थ, मदिराजन्य पदार्थ प्रयोगमा नियन्त्रण) प्रर्वद्धन गर्ने ।
- पोषणसम्बन्धी सेवाः विभिन्न किसिमको पोषिलो खानाबारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । जस्तै पोषणको महत्वबारे जानकारी दिने, स्वस्थकर खानाको पर्वद्धन गर्ने, पोषणसम्बन्धी पोष्टर टाँस्ने, प्रदर्शनी तथा प्रदर्शन गर्ने, मेस तथा क्यान्टिनमा पोषिलो खानाको योजना बनाउन र सरसफाइको व्यवस्था मिलाउन सहयोग गर्ने, घरबाट ल्याएको खाजाको निरीक्षण गरी पोषिलो खानालाई प्रोत्साहन गर्ने र पत्रु खाना *(Junk food)* प्रयोगमा नियन्त्रण गर्ने । त्यस्तै स्थान विशेष उपलब्धता अनुसारका

पोषणयुक्त अर्गानिक खानेकुराको सूची तयार गरी विद्यार्थी, अभिभावकलाई सोअनुसार प्रयोगमा ल्याउन प्रोत्साहन गर्ने ।

- विद्यार्थीलाई लागु पदार्थ दुव्यर्सनीको नियन्त्रण, इत्यादि विषयमा स्वास्थ्य शिक्षा दिने ।
- विद्यार्थीहरूलाई लैङ्गिक हिंसा, बालहिंसा, बालविवाह, चेलीबेटी बेचबिखन, बालबालिका तथा महिला अधिकार, व्यक्तिगत तथा वातावरणीय सरसफाइ अनि फोहोर मैला व्यवस्थापन, किशोर किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी इत्यादि विषयमा शिक्षा प्रदान गर्नुका साथै व्यवहार परिवर्तन गर्न सहयोग गर्ने ।
- विद्यालयमा स्वच्छ खानेपानी, लैङ्गिक, अपाङ्गमैत्री शौचालय लगायत विद्यार्थीमैत्री पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि आवश्यक सुझाव दिने र पहल गर्ने ।
- सर्ने तथा नसर्ने रोगबाट बच्नका लागि चेतनामूलक कार्यक्रम गर्ने ।
- प्रभावकारी तथा रचनात्मक सिकाइका लागि विद्यार्थीद्वारा विद्यार्थीहरूलाई स्वास्थ्य शिक्षा दिने परम्परा सुरुवात गर्ने ।
- विद्यार्थीहरूमा सकारात्मक सोच विकास गर्नका लागि विद्यालयमा स्वास्थ्यसम्बन्धी प्रदर्शनी, नाटक आदिको आयोजना गर्न प्रोत्साहन गर्ने ।
- प्राकृतिक प्रकोप तथा विपदबारे विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई सचेत गराउने र त्यसबाट हुने जोखिम न्यून गर्न आवश्यक पहल गर्ने ।

**२) प्रतिकारात्मक सेवा**

- रोगको रोकथामसँग सम्बन्धित सेवा उपलब्ध गराई आवश्यकता अनुसार प्रेषण गर्ने ।
- नेपाल सरकारद्वारा सञ्चालित विद्यालय लक्षित जनस्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा कुनै सरुवा रोग देखा परेमा स्थानीय स्वास्थ्य निकायलाई सकभर छिटो जानकारी गराउने र व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गर्ने ।
- विद्यालयको वातावरण भौतिक तथा मनोसामाजिक रूपमा स्वस्थकर र विद्यार्थीमैत्री बनाउन सहजीकरण गर्ने ।

**३) परामर्श सेवा**

- किशोरावस्थामा हुने शारीरिक तथा मानसिक परिवर्तन, प्रजनन स्वास्थ्य, परिवार नियोजन र यौन अनि यौनिकता सम्बन्धी विषयमा परामर्श दिने ।
- मानसिक समस्या र अन्य स्वास्थ्य सम्बन्धी समस्या व्यवस्थापनका लागि विद्यार्थीलाई मनोसामाजिक परामर्श दिने । सम्भव भएसम्म मनोसामाजिक परामर्शका लागि अलग्गै परामर्श कक्षको व्यवस्था मिलाउने ।

- फरक क्षमता भएका विद्यार्थीको क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गर्नका लागि शिक्षक, विद्यार्थी तथा अभिभावकलाई आवश्यकताअनुसार परामर्श सेवा उपलब्ध गराउने ।
- दीर्घरोग लागेका तथा लामो समयसम्म उपचार आवश्यक पर्ने विद्यार्थीको पहिचान गरी तिनका अभिभावक तथा विद्यार्थीलाई यथोचित परामर्श दिने ।
- स्वास्थ्यकर्मी उपलब्ध हुन नसक्दाको अवस्थासम्म प्राथमिक उपचार विधि/सेवाबाट उपचार गर्न विद्यार्थी, शिक्षक तथा अभिभावकलाई परामर्श गर्ने ।

## ४) स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचार

- स्थानीय तहसँग समन्वय गरी समय/समयमा विद्यार्थीको विशेष स्वास्थ्य परीक्षण (विशेषगरी आँखा, कान, मुख, दाँत, छाला आदि) गर्ने ।
- पोषणको अवस्था पत्ता लगाउन एन्थ्रोपोमेट्रिक मेजरमेन्ट *(anthropometric measurement)* गरी मापदण्ड अनुसार भए नभएको यकिन गरि व्यवस्थापन गर्ने ।
- विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई लाग्ने सामान्य चोटपटक, घाउखटिरा तथा अपर्झट आइपर्ने समस्याको प्राथमिक उपचार तथा व्यवस्थापन गर्ने ।
- महिनावारीसँग सम्बन्धित विभिन्न किसिमका समस्या समाधान गर्न किशोरीहरूलाई सहयोग गर्ने । किशोरीका लागि निःशुल्क स्यानिटरी प्याड वितरण सम्बन्धी कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाउने ।
- विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विद्यार्थी भर्नाको समयमा अभिभावकसँग पूर्व सुसूचित मन्जुरीनामा लिई राख्ने ।
- दीर्घ रोग लागेका विद्यार्थीको व्यक्तिगत कार्ययोजना बनाई सम्बन्धित शिक्षक, कर्मचारी तथा परिवारका सदस्य संलग्न गराई कार्यान्वयन गर्ने ।

## ५) प्रेषण सेवा

- विद्यार्थी, शिक्षक, कर्मचारीलाई थप उपचार आवश्यक भएमा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी प्रेषण गर्ने । प्रेषण गर्दा अनिवार्य रूपमा प्रेषण पुर्जा भरेर पठाउने । विद्यार्थी, शिक्षक, कर्मचारीलाई प्रेषण गर्दा उपयुक्त स्वास्थ्य सुविधा भएको ठाउँमा पठाउने । बिरामी लिएर जानुपरेमा अभिभावकलाई खबर गर्ने। ।
- प्रेषणका लागि आवश्यक स्ट्रेचर तथा अन्य सामग्रीको तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।
- प्रेषण गरेका विद्यार्थी, शिक्षक, कर्मचारीलाई आवश्यकताअनुसार अनुगमन गर्ने र अभिलेख राख्ने ।

## ख) व्यवस्थापकीय जिम्मेवारी

### १. योजना तर्जुमा

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- आफूले गर्ने कामको दैनिक, मासिक तथा वार्षिक कार्यतालिका बनाउने ।

१) दैनिक कार्य योजना

क) विद्यार्थीहरूलाई व्यक्तिगत सरसफाइ गर्नका लागि उत्प्रेरित गर्ने र समय समयमा निरिक्षण गर्ने ।

ख) मेस वा क्यान्टिन भएको विद्यालयमा पूर्व निर्धारित खानाहरू उपलब्ध भए नभएको ठहरगर्ने ।

ग) विद्यार्थीहरूले ल्याएको खाजामा जङ्कफुड भए नभएको निरिक्षण गर्ने र त्यस्तो खाजा खान निरुत्साहित गर्ने ।

घ) आवश्यक परेको खण्डमा विद्यार्थीहरूको स्वास्थ्यस्थितिको बारे अभिभावकहरूसंग समन्वय गर्ने ।

ट) विद्यार्थी तथा शिक्षकहरूको स्वास्थ्य समस्या तथा आवश्यकताहरू समाधान गर्न तत्पर भएर बस्ने ।

ठ) आवश्यकता अनुसार स्वास्थ्य शिक्षा दिने ।

२) मासिक कार्य योजना

क) विद्यालय स्वास्थ्य इकाई समितिको बैठक बोलाउने ।

ख) विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिने ।

ग) अतिरिक्त क्रियाकलाप सञ्चालन हुंदा आई पर्ने भवितव्यहरूको व्यवस्थापन गर्न तत्फर रहने ।

घ) विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरूमा स्वास्थ्यसंग सम्बन्धित जानकारीमूलक सूचना तथा सन्देश प्रवाह गर्ने ।

ङ) स्वास्थ्यका कारणले गयल भएका विद्यार्थीहरूको अभिलेख राखी अभिभावकसंग आवश्यक छलफल गर्ने ।

च) नियमानुसार विद्यालयमा प्रतिवेदन पेश गर्ने ।

छ) संघ /प्रदेश/ स्थानीय सरकारद्वारा सञ्चालित कार्यक्रम गर्न आवश्यक सहयोग गर्ने ।

३) वार्षिक कार्य योजना

क) विद्यालयमा स्वास्थ्य सम्बन्धी भएका कार्यक्रमहरूको अभिलेख राख्नुका साथै आवश्यतानुसार सम्बन्धित निकायहरूमा प्रतिवेदन पेश गर्ने ।

ख) वर्षभरिको लागि अनुमानित स्वास्थ्य शिक्षण सामग्री, स्वास्थ्य सेवा प्रदान गर्नका लागि औजार, उपकरण, औषधी, आदिको विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।

ग) वर्षभरि विद्यालयमा सञ्चालन गर्ने स्वास्थ्यसित सम्बन्धित कार्यक्रमहरूको किसिम र मिति निर्धारण गरी कार्यतालिका बनाउने ।

घ) विशेष जांचहरू (आखा, कान, मुख, दांत र सामान्य परीक्षणहरू) वर्षको दुई पटक गर्नका लागि सम्बन्धित संस्थासित समन्वय गरी तालिका बनाउने ।

ङ) शिक्षक र अभिभावक बिचको मिटिङमा समय मिलाएर स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रमको आयोजना गर्ने ।

- संघ, प्रदेश तथा स्थानीय सरकारद्वारा सञ्चालित विद्यालय स्वास्थ्य कार्यक्रम कार्यान्वयनका लागि आवश्यक योजना तयार गर्न सहयोग गर्ने ।
- भिटामिन 'ए' तथा जुकाको तथा हात्तीपाइलेको औषधि खुवाउने राष्ट्रिय कार्यक्रमका लागि पूर्व तयारीको साथ व्यवस्था मिलाउने ।
- किशोर किशोरीलाई आइरन चक्की, जुकाको औषधि खुवाउनका लागि औषधिको माग गरी पूर्व तयारीमा रहने ।

२) **समन्वयात्मक भूमिका**

- स्थानीय तहको समन्वयमा स्वास्थ्य संस्था सँग मिलेर विद्यालयभित्र/बाहिर स्वास्थ्यसम्बन्धी गतिविधि गर्ने ।
- विद्यालय स्वास्थ्य एकाइ, शिक्षक तथा कर्मचारीसँग नियमित बैठक बस्ने ।
- विद्यालयमा स्वच्छ खानेपानी, लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय लगायतका विद्यार्थीमैत्री पूर्वाधार भए/नभएको जाँच गरी सोको व्यवस्थापनका लागि आवश्यक समन्वय र पहल गर्ने ।
- शिक्षक तथा अभिभावकबीच हुने बैठकमा आवश्यकताअनुसार स्वास्थ्यसम्बन्धी विषयमा जानकारी दिने।
- पाठ्यक्रम अनुसारका कक्षागत/विषयगत स्वास्थ्यसम्बन्धी क्रियाकलापको पठनपाठनमा विषय शिक्षकसँग अन्तरक्रियात्मक कार्य गर्ने, गराउने र पठनपाठनमा आवश्यक सहजीकरण गर्ने ।
- नसर्ने रोगबाट बच्न खोप तथा अन्य रोगको जोखिम न्यून गर्ने उपायका (Screening) लागि आवश्यक समन्वय गर्ने ।
- विपद् तथा प्रकोपको पूर्व तयारी तथा व्यवस्थापनका लागि स्थानीय सरकारसँग समन्वय गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।
- गुणस्तरीय विद्यालय स्वास्थ्य सेवाका लागि सरकारी तथा गैर सरकारी संस्थासँग आवश्यक समन्वय गर्ने । त्यस्तै सञ्चालनमा रहेको रेडक्रससँग समन्वय गरी स्वास्थ्य सेवालाई थप सुरक्षित तरिकाले स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।
- विद्यार्थीको नियमित स्वास्थ्य निरीक्षण गर्नका लागि कक्षा शिक्षकसँग समन्वय गर्ने ।
- स्वास्थ्य संस्था वा प्रादेशिक मन्त्रालयबाट सञ्चालित गोष्ठी, सेमिनार आदि तालिममा सहभागी हुनका लागि आवश्यक समन्वय गर्ने ।
- समय समयमा हुने विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वास्थ्य दिवस मनाउन सरोकारवाला निकायसँग समन्वय गरी विद्यालयको समेत सहभागिता हुनेगरी आवश्यक व्यवस्था मिलाउने । यस्ता दिवस मनाउनका लागि बजेट व्यवस्थाको (स्थानीय निकाय तथा प्रदेशमा) लागि तालिका सहित बजेट माग गर्ने ।

## ३) अभिलेख तथा प्रतिवेदन

- नेपाल सरकारले सञ्चालन गर्ने विद्यालय लक्षित जनस्वास्थ्य कार्यक्रम सञ्चालन गरी सोको प्रतिवेदन स्थानीय तहमा पेश गर्ने ।
- रोग, लिङ्ग, उमेर र दिएको स्वास्थ्य सेवा खुल्नेगरी मासिक प्रतिवेदन तयार गरी विद्यालयमा प्रत्येक महिनाको सात गतेभित्र अघिल्लो महिनाको प्रतिवेदन बुझाउने ।
- विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थीको व्यक्तिगत स्वास्थ्य विवरण अद्यावधिक गर्ने र विद्यालय, परिवार र अभिभावकसँग सहकार्य गरी स्वास्थ्य सेवाको नियमितता *(Continuum of care)* सुनिश्चित गर्ने।

## ४) अन्य कार्य

- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई स्वास्थ्यसँग सम्बन्धित विषयमा सुझाव दिने ।
- प्रधानाध्यापकको मार्ग निर्देशनमा तोकिएको स्वास्थ्य तथा वातावरणीय सरसफाइसम्बन्धी अन्य कार्य गर्ने ।
- विद्यालय स्वास्थ्य तथा वातावरणको सुधारका लागि रणनीतिक योजना तयार पार्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।
- सिकाइ दुर्बलता भएका विद्यार्थी समयमा पहिचान गरी आवश्यक व्यवस्था मिलाउन विद्यालय प्रशासन तथा अभिभावकलाई सहयोग गर्ने ।
- शारीरिक दुर्बलता भएका विद्यार्थीलाई आवश्यकता अनुसार सहयोग गर्ने ।
- शारीरिक सजाय रोक्न शिक्षकलाई सचेत तथा सहयोग गर्ने ।
- विद्यालय स्वास्थ्यसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान कार्यमा सहभागी भई आवश्यक सहयोग गर्ने।
- अत्यावश्यक संस्था जस्तै एम्बुलेन्स, दमकल, ब्लड बैंक, प्रहरी कार्यालयको फोन नम्बर विद्यालयको सूचना पाटीमा राख्ने ।
- शिक्षक शिक्षिकालाई प्राथमिक उपचारसम्बन्धी तालिम सञ्चालनका लागि आवश्यक पहल गर्ने ।
- कक्षाकोठा र विद्यालयको वातावरण नियमित रूपमा अवलोकन गर्ने ।
- विभिन्न अपांग्ता र रोगहरुको स्क्रिनिङ तथा बुलेङग (Bullying) पत्ता लगाई आवश्यक व्यवस्थापन गर्ने।

# सुसूचित मन्जुरीनामा

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

श्री..........................................................................................विद्यालय...........................,यस विद्यालयको कक्षा .... मा अध्ययनरत मेरो छोरा/छोरी ........................................... लाई विद्यालयमा रहादा/बस्दा वा पठनपाठनको क्रममा हुन सक्ने घाउ चोटपटक वा अन्य भवितव्य दुर्घटना हुादा आवश्यक पर्ने प्राथमिक उपचार र प्रेषण गर्न अनुमती दिएको छु र सो क्रममा कुनै किसिमको परेमा विद्यालय परिवार उपर कुनै उजुर वाजुर गर्ने छैन भनी मेरो यो मन्जुरीनामा लेखी सहीछाप गरिदिएको छु ।

अभिभावकको औंठाको छाप

दायां बायां

अभिभावकको

सही .......................................................

नाम, थर ...................................................

ठेगाना .....................................................

मिति .......................................................

सम्पर्क नं. .................................................

मन्जुरीनामा गराउने कर्मचारीको

सही ................................

नाम ................................

मिति ...............................

# प्रेषण पूर्जा

मिति ...........समय .................विद्यालयको नाम................................

विरामी विद्यार्थीको नाम ...................................................... ठेगाना.............................

उमेर ........ वर्ष लिङ्ग म/पु /अ कक्षा ........... सम्पर्क नं ..........................

क) विरामीको स्वास्थ्य स्थिति

| तापक्रम Temperature | नाडीको गति Pulse rate | श्वासदर Respiratory rate | रक्तचाप Blood pressure | वजन Weight | उचाइ Height |
|---|---|---|---|---|---|
| | | | | | |

ख) स्वास्थ्य समस्या/लक्षणहरूः ..........................................................................................

ग) प्रेषण पूर्व प्राप्त गरेको उपचार/सेवाहरू (औषधी) ...................................................................

घ) प्रेषण गरिनुको कारणः ......................................................................................................

ङ) अन्य केही जानकारी भए ..................................................................................................

श्री ....................................................................................... ।

उपरोक्त विवरण भएको विद्यार्थीलाई आवश्यक सेवाका लागि त्यंहा पठाइएको छ । सम्पर्कमा आएपछि फिर्ती जानकारी पठाइदिनुहुन अनुरोध छ ।

प्रेषण कर्ता

सही ................. नाम ..............................पद ...................... सम्पर्क नं. ..................

सेवा दिएको विवरण तथा फिर्ती जानकारी मिति ..............................

फिर्ती जानकारी पठाइएको विद्यालय .............सेवाग्राही विद्यार्थीको नाम ................................................ ठेगाना ............................

उमेर ........ वर्ष लिङ्ग म/पु/अ कक्षा ............. सम्पर्क नं. ..........................

सम्पर्क गर्न आएको मिति ....................................

दिइएको उपचार/सेवा/औषधी ..........................................................................................

फिर्ती जानकारी दिनेको नाम ................................................. पद ..............................

फिर्ती जानकारी दिने स्वास्थ्य संस्थाको नाम ...........................................................................

ठेगाना .................................................................... सम्पर्क नं. .......................

ठेगाना ........................................................................  सम्पर्क नं. ........................

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

## अनुसूची ८

(दफा ९ को उपदफा (क) सँग सम्बन्धित)

## (Child Assessment Format)

**Identifying Informations**

Photo

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Name of Student: | | | Identification no. | | | |
| Age: | Sex: | Blood group: | Date of Birth: | | | |
| Weight in kg: | | Height in cm: | Standard: | | | |
| Name of Father: | | Age: | Occupation: | Contact no.: | | |
| Name of Mother: | | Age: | Occupation: | Contact no.: | | |
| Address: Temporary:<br>Permanent: | | | | | | |
| Guardians name: | | Relationship: | Contact no.: | | | |
| Ethnic group: | | Religion: | | | | |
| Date and time of examination: | | | | | | |
| Chief/presenting complaint: | | | | | | |
| Past history: | | | | | | |
| **To be filled by parents at the time of admission** | | | | | | |
| Immunization history: | BCG | DPT/HiB/HepB/OPV/PCV | Rotavirus | JE | Measles, Rubella | FIPV |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | I | II | III | I | II | | | I | II |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | |
|---|---|---|
| Previous illness, injuries, or operations: | | |
| Allergies: respiratory difficulty, rash, hives, itching etc. | | |
| Current medications: | | |
| Birth marks, birth defects: | | |
| Nutrition history: | | |
| Usual mealtimes: | | |
| What the child eats in: | | |
| Breakfast: | Lunch: | Dinner: |
| Lost or gained weight recently: | Body mass Index: | |
| Any problem regarding appetite: | | |
| Growth and development history: | | |
| **To be filled by school health nurse:** | | |
| Academic performance: | Rank: | |
| Withdrawn/shy: | Hyperactive: | Aggrasive: |
| Maintains friendship: | maintains eye contact; | participates in group activities: |
| Comunicates effectively: | Understand directions: | |
| Stay in group: | Recognizes danger: | |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग

| | |
|---|---|
| Physical mobility and limitations: | Play and/or sports activities: |
| Length and timing of night time sleep: | Nightmares other sleep disturbances. |

| Systems Review | Any potential health problems related to; | Remarks |
|---|---|---|
| General | General growth pattern, overall health status, ability to keep up with other children or tires easily activity, fever etc. | |
| Skin and lymph | Rashes, dry skin, itching, changes in skin color or texture, tendency for bruising, swollen or tender lymph glands | |
| Hair and nails | Hair loss, changes in color or texture, Abnormalities of nail growth, changes in color. | |
| Head | Headaches, injuries | |
| Eyes | Vision problems, squinting, crossed eyes, lazy eye, wears glasses, eye infections, redness, tearing, rubbing, eyelids | |
| Ears | Ear infections, frequent discharge from ears, hearing loss (no response to loud noises or questions, inattentiveness, was hearing test ever done?), having hearing aids or cochlear implant. | |
| Nose and sinuses | Nosebleeds, nasal congestion, colds with runny nose, sinus pain or infections, nasal obstruction, difficulty breathing, snoring at night, sleep apnoea. | |
| Mouth and throat | Mouth breathing, difficulty swallowing, sore throats, mouth odor, cavities, Voice change, hoarseness, speech problems | |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | |
|---|---|---|
| Cardiac and hematologic | Palpitation, weakness, cyanosis, edema, rheumatic fever, chest pain, bleeding, pallor, lymphadenopathy. | |
| Chest and respiratory | Trouble breathing, choking episodes, cough, wheezing, cyanosis, exposure to tuberculosis, dyspnea, hemoptysis. | |
| Gastrointestinal | Bowel movements, frequency, color, regularity, consistency, discomfort, constipation or diarrhea, abdominal pain, bleeding from rectum, flatulence, nausea or vomiting, increased or decreased appetite, distension. | |
| Genito-Urinary | Frequency, urgency, dysuria, dribbling, strength of urinary stream, , enuresis, hematuria. | |
| | Toilet trained—age when day and night dryness attained. | |
| Reproductive: Only for adolescence | | |
| Female | Menses onset, amount, duration, frequency, discomfort, problems; vaginal discharge, breast development | |
| Male | Puberty onset, emissions, erections, pain or discharge from penis, swelling or pain in testicles. | |
| Both | Sexual activity, use of contraception, presence of sexually transmitted diseases. | |
| Musculoskeletal | Weakness, clumsiness, poor coordination, balance, tremors, abnormal gait, painful muscles or joints, swelling or redness of joints, fractures | |
| Neurologic | Brain or head injuries, seizures, fainting spells, | |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
टेकु, काठमाडौं

| | | |
|---|---|---|
| | dizziness, numbness, learning problems, attention span, hyperactivity, memory problems, focal weakness. | |
| **Family history:** | heart diseases, glaucoma, tuberculosis, sickle cell anemia, thalessesmia,cancers, diabetes mellitus, psychiatric disorders, muscular dystrophy, down syndrome | |

Physical Assessment

| | | | |
|---|---|---|---|
| **Physiological measurement:** | Temperature: | Pulse: | Respiration: |
| | Blood pressure: | O2 saturation: | Pain: |
| **General** | General appearance: | | |
| | Facial expression: | Hygiene status: | |
| **Assessing skin and nails** | Colour, moisture: | turgor: | presence of leisons: |
| | Capillary refill: | Clubbing nails: | Cynosis: |
| **Assessing head & face** | Shape of head: | Facial symmetry during smiling, talking, crying: | |
| | Scalp hair color: | Distribution: | Cleanliness: |
| **Assessing eye structures and function.** | External structures, eyeballs, eyelids, lashes: | Eye muscles accomodation: cover uncover tests: | Vision: |
| **Assessing ear** | External structures: | Internal structures: | Hearing assessment: |
| **Assessing nose** | Patency, smell: | Nasal septum: | Sinuses: |

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

<table>
<tr><td rowspan="2">Assessing mouth and throat</td><td>Mouth, lips; color, odors, leisons:</td><td>Teeth no.:</td><td>Oral hygiene, dental carries:</td></tr>
<tr><td>Gums, mucosa, tongue:</td><td>Cleft lip, palate:</td><td>Tonsils:</td></tr>
<tr><td>Assessing neck</td><td>Palpation for lymph nodes:</td><td>Position of trachea:</td><td>Thyroid enlargement:</td></tr>
<tr><td rowspan="2">Assessing chest</td><td>Size and shape:</td><td>Respiratory effort:</td><td>Retraction:</td></tr>
<tr><td colspan="2">Auscultation of breathing sound:</td><td>Heart sound:</td></tr>
<tr><td>Assessing breasts</td><td colspan="3">Inspection, palpation:</td></tr>
<tr><td rowspan="2">Assessing abdomen</td><td>Inspecting the shape, condition of umbilicus, auscultation, palpation:</td><td colspan="2">Special maneuvers for ascites:<br>Fluid wave test: Shifting dullness</td></tr>
<tr><td>Special test for appendicitis<br>Rebound tenderness:<br>Psoas sign: Obturator sign:</td><td colspan="2">Special test for acute cholecystitis<br>Murphy sign:</td></tr>
<tr><td>Assessment of inguinal area</td><td colspan="3">Inspection, palpation:</td></tr>
<tr><td rowspan="2">Assessing genital and perineal</td><td>Inspect the external genitalia for colour, inflammation, masses:</td><td colspan="2">Determine the stage of pubertal maturation:</td></tr>
<tr><td>Inspect the male genitalia for penis,</td><td colspan="2">Inspect in female for vaginal</td></tr>
</table>

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

| | | |
|---|---|---|
| **areas** | scrotum, and testicles: | discharge, lacerations: |
| **Inspection of anus and rectum** | Inspection for patency, spincture control, fissures, leisons: | |
| **Assessing musculoskeletal system** | Inspection and palpation of bone muscles and joints: | |
| Active range of motion: | passive range of motion: | muscles strength: |
| Posture and spinal alignment: | | |
| **Assessing nervous system** | Cognitive function; Memory: | Superficial and deep tendon reflexes: |
| | Behaviours: | Coordination: |
| | Communication: | Balance, Romberg test: |

**Management after Examination**

- Discuss the findings with the parents.
- Notify pediatrician if the examination findings suggest review is required.
- Document all findings on the health history chart.

## अनुसूची-९

(दफा ९ को उपदफा (ख) संग सम्बन्धित)

### मासिक प्रतिवेदन

...............स्थानीय तह ................महिनाको प्रतिवेदन मिति :

विद्यालयको नाम : जम्मा विद्यार्थी संख्याः

ठेगानाः विद्यालय नर्सको नाम :

| क्र. स. | Activities of school health program (विद्यालय स्वास्थ्य कार्यक्रममा गरिएका कृयाकलापहरुको विस्तृत विवरण) | कति जनालाई गरिएको | कैफियत (Remarks) |
|---|---|---|---|
| १ | आकस्मिक स्वास्थ्य सेवा | | |
| २ | विद्यार्थीहरूको सामान्य स्वास्थ्य परीक्षण | | |
| ३ | शिक्षक तथा कर्मचारीहरूको सामान्य स्वास्थ्य परीक्षण | | |
| ४ | एन्थ्रोपोमेट्रिक मेजरमेन्ट | | Green, Yellow and Red |
| ५ | पोषण सम्बधि परामर्श | | |
| ६ | पोषणको अवस्था सुधार भएको | | |
| ७ | निःशुल्क स्यानिटरी प्याड वितरण | | |
| ८ | चेतनामूलक कार्यक्रमहरु | | |
| ९ | मानसिक स्वास्थ्य सम्बधि परामर्श सेवा | | |
| १० | जीवनशैलीसँग सम्बन्धि परामर्श | | |
| ११ | आवस्यकता अनुसारको प्रजनन स्वास्थ्यको कक्षा | | |
| १२ | प्रेषण कार्य | | |
| १३ | बैठकहरु | | |
| १४ | अन्य कार्यहरु | | |

विद्यालय नर्सको नाम : सुझावहरु -Recommendations(मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गतेभित्र सम्बन्धित विद्यालयमा बुझाउनु पर्नेछ । अन्य थप कुराहरु पनि समावेश गर्न सकिनेछ) ।